# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट
# आ.व. २०७९/०८० मा सम्पादन भएका कार्यहरूको विवरण




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

मकवानपुर

# विषय सूची


१. विविध तथ्याङ्कहरु — १-४

२. पूँजीगत तर्फ कूल खर्चको विवरण — ५

३. चालु तर्फ कूल खर्चको विवरण — ५

४. शान्ति सुरक्षा र अमनचयन — ६

५. सेवा प्रवाह — ६-७

६. कार्यालय व्यवस्थापन — ७

७. भौतिक पूर्वाधार निर्माण — ७-८

८. सडक व्यवस्थापन — ८

९. पेट्रोलियम पदार्थ ढुवानी — ८

१०. लागूऔषध निषेध र व्यवस्थापन — ८-९

११. अवैध मदिरा नियन्त्रण अभियान — ९

१२. बजार अनुगन — ९

१३. औद्योगिक क्षेत्र व्यवस्थापन — ९

१४. विपद् व्यवस्थापन — ९-१०

१५. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन — १०

१६. सूचनाको हक — १०

१७. अन्य — १०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट आ.व. २०७९/०८० मा सम्पादन भएका कार्यहरू

**क. प्रशासन शाखा**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७८/०७९) | आ.व. २०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| १ | संस्था दर्ता | ५३ | ४४ | |
| २ | संस्था नवीकरण | ३०७ | ३०० | |
| ३ | संस्था खारेजी | - | २ | |
| ४ | नावालक परिचयपत्र | २१७ | ३८९ | |
| ५ | उजुरी तथा गुनासो | ४१ | ८७ | |
| ६ | पत्रपत्रिका दर्ता | २ | - | |
| ७ | छापाखाना दर्ता | - | - | |
| ८ | विविध सिफारिस | २०६९ | १८०३ | |
| ९ | तिव्वती शरणार्थीको परिचयपत्र नविकरण | - | - | |
| १० | शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस | - | - | |
| ११ | हातहतियार दर्ता | - | - | |
| १२ | हातहतियार नविकरण | ३१ | ४२ | |
| १३ | हातहतियार नामसारी | - | - | |
| १४ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | ३० | २० | |

**ख. नागरिकता शाखा**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७८/०७९) | आ.व. २०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | १८५४१ (पुरुष: ८७०८, महिला: ९८३३) | १५०३२ (पुरुष: ७०६४, महिला: ७९६८) | |
| २ | प्रतिलिपि नागरिकता वितरण | १०२१६ | १२७३० | |
| ३ | बैवाहिक अंगिकृत नागरिकता वितरण | २२ | २२ | |
| ४ | प्र.जि.अ.ले दिने अंगिकृत नागरिकता वितरण | - | - | |
| ५ | जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई प्रदान गरिएको बंशजको नागरिकता | - | ११२ (पुरुष: ६६, महिला: ४६) | |
| ६ | पुरानो नागरिकता अभिलेखिकरण | - | - | |
| ७. | राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन | ११७४७१ | २९३०८ | |

**ग. राहदानी शाखा**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७८/०७९) | आ.व. २०७९/०८० | कैफियत |
|---|---|---|---|---|

२०८०/०४/०८
निमित्त प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १ | साधारण सिफारिस | ६९४७ | २३३८३ | |
| २ | द्रुत सिफारिस | ४१३८ | - | |
| ३ | राहदानी वितरण | ६५३२ | २१६०० | |
| ४ | वितरण हुन बाँकी राहदानी | ४१५ | १६५१ | |
| **घ. लेखा शाखा (राजश्व तर्फ)** | | | | |
| **क्र.सं.** | **कार्यको विवरण** | **रकम (आ.व. २०७८/०७९)** | **आ.व. २०७९/०८०** | **कैफियत** |
| १ | संस्था दर्ता (नवीकरण सहित) | ४,६९,६००/- | ५,२९,०५०/- | |
| २ | हातहतियार (नविकरण, नामसारी) | २,१८,४९५/- | २,३१,६१५/- | |
| ३ | राहदानी दस्तुर | ३,७५,१०,०००/- | १२,२७,४२,७५० /- | |
| ४ | अन्य प्रशासनिक दस्तुर | ३४,९५०/- | ७३,२५०/- | |
| ५ | प्रशासनिक दण्ड जरिवाना | ८,५०,६६०/- | ६,७८,६००/- | |
| ६ | परीक्षा दस्तुर | २,४००/- | ३,५००/- | |
| ७ | बेरुजु असुली | - | - | |
| ८ | सरकारी सम्पत्ति विक्री | - | ५,४००/- | |
| ९ | धरौटी | १,४९,३१,४४३।८६ | ५३,०९,९३०।८६ | |
| १० | विपद् (आगजनी, चट्याङ, वर्षा) | १०,५९,५००/- | २८,५०,०००/- | |
| ११ | द्वन्द्व पीडित (अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता) | ५,३७,०००/- | १५,७८,०००/- | |
| १२ | द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका | ९,००,०००/- | १०,००,०००/- | |
| १३ | सडक दुर्घटनाको क्षतिपूर्ती वितरण | ९२,५०,०००/- | ९४,६७,५००/- | |
| १४ | वैदेशिक रोजगारीमा मृतक क्षतिपूर्ती वितरण | १५,३१,५७९।२४ | ७६,४५,८७६।२८ | |
| **कार्यालय तर्फ** | | | | |
| १ | पूँजीगत तर्फ कूल खर्च | १८,११,८०२/- | ४०,८५,७१७/- | |
| २ | चालु तर्फ कूल खर्च | २,४३,६८,१२२।४० | २,६९,०४,४०४।६० | |

**ङ. मुद्दा शाखा**

| **क्र.सं.** | **कार्यको विवरण** | **संख्या (आ.व. २०७८/०७९)** | **आ.व. २०७९/०८०** | **कैफियत** |
|---|---|---|---|---|
| १ | अभद्र व्यवहार गरेको | १५२ | १४३ | |
| २ | कालो बजारी | ४ | - | |
| ३ | खाद्य | ८ | १ | |
| ४ | क्षतिपूर्ती | ११ | ७ | |
| ५ | जुवा | ८ | ३ | |
| ६ | स्वास्थ्यकर्मी तथा संस्थाको सुरक्षा सम्बन्धी | १ | - | |
| ७ | अरूको तर्फबाट परीक्षा दिएको | १ | - | |
| **यस आ.व. को जम्मा दर्ता** | | १८५ | १५४ | |



निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| गत आ.व. को जिम्मेवारी सरी आएको संख्या | | ३६ | २९ | |
| यस आ.व. मा फछ्यौंट भएको संख्या | | १९२ | १५८ | |
| फैसला हुन बाँकी मुद्दाको संख्या | | २९ | २५ | |
| **च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन** | | | | |
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७८/०७९) | आ.व. २०७९/०८० | कैफियत |
| १ | खाद्य नमूना संकलन | ४९ | ९९ | |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | ५ | १ | |
| **छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य** | | | | |
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७८/०७९) | आ.व. २०७९/०८० | कैफियत |
| १ | खाद्यान्न, होटल र अन्य विविध | २३ पटक | २८ पटक | विभिन्न खाद्य तथा किराना पसलहरू, फेन्सी पसल, मोबाइल पसल, हार्डवेयर पसल, माछामासु पसल, खाद्य उद्योग, बेकरी उद्योग, होटल, सुज सेन्टर, पोल्ट्री सप्लायर्स, दाना पसल, अस्पताल तथा स्वास्थ्य संस्था, भेटेरिनरी औषधी पसल, फ्रुट सेन्टर/पसल, फलफूल पसल, फार्मेसी/मेडिकल हल आदि । |
| **ज. कार्यालय अनुगमन** | | | | |
| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७८/०७९) | आ.व. २०७९/०८० | कैफियत |
| १ | हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच | ३ (तीन) पटक | ६ (छ) पटक | मालपोत कार्यालय, नापी कार्यालय, |



निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| | | | | हेटौंडा अस्पताल, तथ्याङ्क कार्यालय, सवारी परीक्षण कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय परीक्षा बोर्ड |

निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

## पूँजीगत तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तिय संकेत नं. | खर्च/वित्तिय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| ३११२१ | सवारी साधन | ३२०००००.०० | ३१९५०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ३०००००.०० | २४६६४०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ५६००००.०० | ४५२३८०.०० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | ३०००००.०० | ९२४२७.०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १०००००.०० | ९९२७०.०० |
| | जम्मा | ४४६००००.०० | ४०८५७१७.०० |

## चालु तर्फ कूल खर्चको विवरण

| खर्च/वित्तीय संकेत नं. | बजेट शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १६१५३२०८.०० | १६१५२७७९.६० |
| २११२१ | पोशाक | २४००००.०० | २४००००.०० |
| २११३२ | महंगी भत्ता | ६२६०००.०० | ५७५०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ८००००.०० | ६३०००.०० |
| २११३९ | अन्य भत्ता | ४५२०००.०० | ३१९४८३.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १५०००.०० | ०.०० |
| २१२१३ | योगदानमा आधारित बीमा खर्च | ११८०००.०० | ११५२००.०० |
| २२१११ | पानी तथा विजुली | ४०००००.०० | ३९९५७०.०० |
| २२११२ | सञ्चार महशुल | ३०३०००.०० | २५५९८०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७५८०००.०० | ६७७६४२.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७१५०००.०० | ६२६९५६.०० |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | २०७०००.०० | ५८५८८.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १५७०००.०० | १४२४३०.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १२६०००.०० | १२५९३१.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७४५०००.०० | ६९२८१९.०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ६००००.०० | ३२०५५.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९००००.०० | ६२७४०.०० |
| २२४१९ | अन्य सेवा शुल्क | ३२७४०००.०० | २७१४५३६.०० |
| २२५२२ | कार्यक्रम खर्च | १६६०००.०० | ९९०००.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ०.०० | ०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५१२०००.०० | ४६२३९०.०० |
| २२६१२ | भ्रमण खर्च | १७८०००.०० | ६०००.०० |
| २२७११ | विविध खर्च | १५९१०००.०० | १४८४३०५.०० |
| २७१११ | सामाजिक सुरक्षा | १६२००००.०० | १५९८०००.०० |
| | जम्मा | २८५८६२०८.०० | २६९०४४०४.६० |

निमित्त प्रमुख जिल्ला अधिकारी

# शान्ति सुरक्षा एवं अन्य महत्वपूर्ण कार्यहरु

**प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न**

- जिल्लाभित्र स्वतन्त्र, निष्पक्ष, भयरहित तथा शान्तिपूर्ण वातावरणमा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ सम्पन्न गरिएको ।

**शान्ति सुरक्षा र अमनचयन**

- जिल्लामा शान्ति सुरक्षा विश्वसनीय र भरपर्दो तुल्याई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्णरुपमा मिलाइएको ।
- जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजनालाई अध्यावधिक गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठकलाई गतिशील, नतीजामुखी र प्रभावकारी बनाइएको ।
- जिल्ला सुरक्षा समितिको बैठक ३५ पटक स्पष्ट एजेन्डा सहित सञ्चालन गरिएको ।
- राजमार्गलाई निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको ।
- जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकीहरू तथा सशस्त्र प्रहरी बल नेपाल, नं. १४ गण, हे.क्वा., मकवानपुरको नियमित रुपमा निरीक्षण गरिएको ।
- प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य गरे/नगरेको सम्बन्धमा अनुगमन गरिएको।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको ।
- सरकारी जग्गा वा सार्वजनिक सम्पत्तिको संरक्षण हेतु जिल्लाभित्र रहेका सार्वजनिक जग्गाहरुको विवरण संकलन र अध्यावधिक गरिएको ।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको ।
- सीमावर्ती जिल्लाहरू चितवन, सिन्धुली, काठमाडौं र ललितपुरसँग अन्तर जिल्ला समन्वय बैठक आयोजना गरिएको ।

**सेवा प्रवाह**

- बंशजको आधारमा नयाँ नागरिकता १५,०३२ (पुरुष : ७०६४, महिला: ७९६८), वैवाहिक अंगिकृत नागरिकता २२ र प्रितिलिपि नागरिकता १२,७३० वटा वितरण गरिएको ।
- जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका ११२ (पुरुष : ६६, महिला: ४६) सन्तानलाई बंशजको आधारमा नागरिकता वितरण गरिएको ।
- २३,३८३ वटा राहदानीको लागि साधारण सिफारिस गरिएको र २१,६०० वटा राहदानी कार्यालयबाट वितरण गरिएको ।
- नयाँ संस्था दर्ता ४४ तथा संस्था नवीकरण ३०० वटा गरिएको । साथै २ वटा संस्था (स्येडुप फेन्दो-बौद्ध संस्था, साविक मकवानपुरगढी-३, मकवानव र मनहरी लोकल ढुवानी व्यवसायी संघ, मनहरी-१, मकवानपुर) खारेजी गरिएको ।
- ३८९ वटा नाबालक परिचयपत्र जारी गरिएको ।

निमित्त प्रमुख जिल्ला अधिकारी

- जिल्ला प्रशासन कार्यालयमा सुनुवाइ हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको । गत आ.व.को फछ्र्यौट हुन बाँकी २९ र चालु आ.व. मा दर्ता भएका १५४ वटा मुद्दा मध्ये १५८ वटा मुद्दा फछ्र्यौट गरिएको ।
- वैदेशिक रोजगारीमा जानेहरूलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धमा सुरक्षित आप्रवासन परियोजना मार्फत कार्यालय परिसरमा परामर्श सेवा प्रदान गरिएको ।
- मानव वेचविखन तथा ओसार पसार नियन्त्रणका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूको समन्वयमा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई कार्यालय परिसरमा परामर्श सेवा प्रदान गरिएको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधिहरु प्रवाह गर्ने गरिएको । विद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।
- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई लक्षित गरी यस कार्यालयसँग सम्बन्धित विविध जानकारी र सूचनाहरुकासाथै इन्टरनेट मार्फत उपलब्ध अन्य जानकारीमूलक विषयवस्तुहरुमा सहज पहुँच होस् भन्ने उद्देश्यकासाथ मिति २०७५ जेठ ८ गतेदेखि यस कार्यालय परिसरमा Free Wi-Fi को व्यवस्था मिलाइएकोमा सोलाई निरन्तरता दिंदै अझ प्रभावकारी बनाइएको ।
- संघ संस्था दर्ता गरी मठ मन्दिर, सामुदायिक भवन खेल मैदान जस्ता कार्यको नामबाट जग्गा अतिक्रमण गरी अनधिकृतरुपमा संरचनाहरु बनाउने प्रवृत्ति देखिएकोले जग्गा आवश्यक पर्ने क्रियाकलाप सञ्चालन गर्न दर्ता हुने संघ संस्था दर्ता गर्दा जग्गाको भोगाधिकार यकिन गरेर मात्रै संस्था दर्ता गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट दर्ता हुने सबै संघ संस्थामा **"वन तथा सार्वजनिक जग्गा अनधिकृत प्रयोग नगर्ने गरी"** भन्ने शर्त प्रमाणपत्र मै उल्लेख गर्ने गरिएको ।

**कार्यालय व्यवस्थापन**

- नियमित स्टाफ बैठक १२ पटक बसी गुनासोको सामूहिक समाधान गरिएको ।
- स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिकीकरण गरिएको ।
- कार्यालयको अभिलेख व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको । साथै, नयाँ नागरिकता बनाउन पेश हुन आएका कागज प्रमाणहरू स्क्यान गरी राख्ने कार्यलाई निरन्तरता प्रदान गरिएको ।
- संवत् २०७८ पौष ४ गतेदेखि कार्यालयबाट विद्युतीय राहदानी सम्बन्धी कार्य प्रारम्भ गरिएको र कार्यालयको क्षमता अनुसार दैनिक १२० भन्दा बढी जनाको Biometric लिने व्यवस्था मिलाइएको ।
- सेवाग्राहीहरु विशेष गरी अपाङ्गता भएका, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि प्राथमिकतामा राखी सेवा प्रवाह गरिएको ।

**भौतीक पूर्वाधार निर्माण**

- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको प्रबन्धका साथै शौचालय तथा कार्यालय परिसरको नियमित सरसफाईको व्यवस्था गरिएको ।
- कार्यालय परिसरभित्र निर्णमा गरिएको स्तनपान कक्षलाई थप व्यवस्थित बनाईएको ।
- सेवाग्राहीहरूका निम्ति सेवाग्राही प्रतिक्षा कक्ष निर्मण गरिएको ।

निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरूमा समन्वय तथा सहजीकरण गरिएको ।

**सडक व्यवस्थापन**

- राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समितिको बैठक २ पटक बसेको ।
- मानवीय कारणले राजमार्ग (सडक) अवरोध भएको अवस्थामा १० मिनेटभित्र प्रहरी कारबाही शुरू गरी राजमार्ग (सडक) तत्काल सुचारू गर्ने व्यवस्था मिलाइएको ।
- लोकमार्गमा हुनसक्ने दुर्घटना, चक्काजाम, बन्दलाई मध्यनजर गर्दै निर्वाधरूपमा सवारीसाधन सञ्चालन गर्न जिल्ला प्रहरी कार्यालय, मकवापनुर र सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुरलाई QRT/IRT २४ सै घण्टा स्टेण्डवाई राख्न लगाइएको ।
- यात्रुहरूलाई आवतजावतका क्रममा ठगिन तथा विभिन्न किसिमका हैरानी खेप्न नदिन हेटौडा उपमहानगरपालिका एरियाको बसपार्कमा ट्राफिक सहितको चाडपर्व लक्षित नागरिक सहायता कक्ष स्थापना गरी यात्रुहरूलाई आवश्यक सहयोग गरिएको ।
- चाडपर्वको समयमा यात्रुवाहक सवारी साधनहरूलाई बढी भाडा असुल्न नदिन सादा पोशाकमा प्रहरी परिचालन गरिएको । साथै, यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिने सवारीसाधनहरूलाई कारबाहीको दायरामा ल्याइएको ।
- सवारी दुर्घटनामा नियन्त्रण तथा न्यूनिकरणका लागि ट्राफिक प्रहरी कार्यालयमार्फत सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी जनचेतना फैलाइएको र दूर्घटना न्यूनीकरणका लागि विविध कार्यक्रमहरू सञ्चालन समेत सञ्चालन गरिएको ।

**पेट्रोलियम पदार्थ ढुवानी**

- मकवानपुर जिल्लामा पेट्रोलियम पदार्थको विक्री वितरणलाई सहज तुल्याईएको । साथै, बन्द हड्तालको समयमा पेट्रोलियम पदार्थको ढुवानी कार्यमा प्रयोग हुने ट्याङ्करहरुको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले स्कटिङ गर्ने व्यवस्था मिलाइएको ।
- पेट्रोलियम पदार्थको विक्री वितरण गर्ने कार्यमा संलग्न रहेका हेटौडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुलाई अनिवार्यरुपमा पम्पहरु खुला राख्ने व्यवस्था मिलाइएको ।
- हेटौडास्थित सबै पेट्रोल/डिजेल पम्पहरुबाट उपलब्ध परिमाणको पेट्रोल/डिजेल विक्री वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरिएको ।

**लागूऔषध निषेध र व्यवस्थापन**

- बमोजिम जिल्लास्तरीय लागूऔषध नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- विभिन्न निकायको समन्वय तथा सहकार्यमा स्थानीय तहहरुमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान सञ्चालन गरिएको ।
- गाँजा, अफिम लगायतका लागू पदार्थजन्य खेती नष्ट गरिएको (१४६ विगाहा १९ कठ्ठा क्षेत्रफलको गाँजा तथा २२४ विगाहा ३ कठ्ठा क्षेत्रफलको अफिम खेती फडानी तथा नष्ट गरिएको) ।

निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

- लागू औषध प्रयोगकर्ताहरुका लागि सञ्चालनमा रहेका उपचार तथा पुनर्स्थापना केन्द्रबाट उपलब्ध हुने सेवालाई प्रभावकारी बनाइएको ।

**अवैध मदिरा नियन्त्रण अभियान**

- अवैध मदिरा उत्पादन तथा बिक्री वितरणलाई पूर्णरुपमा नियन्त्रण गर्न सरोकारवाला निकायहरुको संलग्नतामा प्रभावकारी अनुगमन गरिएको र अवैध मदिरा उत्पादन तथा बिक्री वितरणमा संलग्नलाई कानूनबमोजिम कारवाहीको दायरामा ल्याइएको ।
- ईजाजत पत्र लिई वैध मदिरा बिक्री वितरण गर्ने पसल, डिपार्टमेन्टल स्टोर, होटल, रेष्टुरेन्टहरुले कानूनमा तोकिएको परिधीभित्र रही बिक्री वितरण गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, मकवानपुर, आन्तरिक राजश्वक कार्यालय, मकवानपुर र उपभोक्ता हित संरक्षण मञ्चको सहभागितामा नियमित अनुगमन गरिएको र कानून विपरित गरेकालाई तत्काल कारवाहीको दायरामा ल्याइएको ।

**बजार अनुगमन**

- नियमितरुपमा गरिदै आएको बजार अनुगमनलाई सरोकारवाला निकायहरुको सहभागितामा थप प्रभावकारी बनाउँदै नतिजामुखी तुल्याइएको ।
- उपभोक्ता जागरण/सचेतना कार्यक्रम तथा बजार अनुगमन सम्बन्धमा सरोकारवाला सबै पक्षहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न । बैठकमा बजार अनुगमनलाई प्रभावकारी बनाउन "संयुक्त बजार अनुगमन कार्ययोजना" समेत तयार गरिएको ।
- बजार अनुगमनका क्रममा व्यवसाय सञ्चालकलाई अनुगमन टोलीद्वारा सुधारका निम्ति दिइएका निर्देशन तथा सुझावहरु पालना भए/नभएको सम्बन्धमा समेत अनुगमन गरिएको ।
- जिल्लामा सञ्चालित औषधी पसल, ल्याब, पोलिक्लिनिक र निजी अस्पतालहरुको नियमित अनुगमन गरिएको ।

**औद्योगिक क्षेत्र व्यवस्थापन**

- मजदूर समर्थक ट्रेड युनियनका पदाधिकारीहरुलाई औद्योगिक व्यवस्थापन र श्रमिक पक्षबीच विवाद समाधानार्थ सार्थक पहल गर्न र कानून विपरित गर्ने गराउने श्रमिकहरुलाई कानूनको दायरामा ल्याउन लगाइएको ।
- सौहार्द औद्योगिक वातावरण कायम गर्ने सन्दर्भमा युनियनका पदाधिकारीहरुलाई सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाइएको ।
- औद्योगिक वातावरणलाई सुरक्षित तुल्याई लगानीलाई प्रोत्साहन/भित्र्याउन हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुको प्रभावकारी सुरक्षाको व्यवस्था मिलाइएको ।

**विपद् व्यवस्थापन**

- जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक ५ पटक बसेको ।
- आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) चलायमान बनाउने सम्बन्धमा ४ पटक समन्वय बैठक बसेको ।

निमित्त प्रमुख जिल्ला अधिकारी

- जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायहरूसँग २ पटक समन्वय बैठक बसेको ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ (परिमार्जित तथा अध्यावधिक) कार्यान्वयन गरिएको ।
- मनसुन जोखिम न्यूनीकरण कार्ययोजना, २०८० तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन गरिएको ।
- सबै सुरक्षा निकाय एवं सरोकारवाला निकायहरूको संलग्नतामा मिति २०७९ असोज ४ गते विहान ८:३० बजे रासी-सामरी नदी दोभान, सामरी, हेटौडामा पानीजन्य विपद् व्यवस्थापन सम्बन्धी व्यावहारिक अभ्यास सञ्चालन गरिएको ।
- विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराइएको । विभिन्न विपद्बाट प्रभावित ३७ जनालाई जम्मा रू.२८,५०,०००/- राहत रकम उपलब्ध गराइएको ।

**कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन**

- जिल्ला कोभिड व्यवस्थापन समितिको बैठक सञ्चालन गरी जिल्लाभित्र कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू गरिएको ।

**सूचनाको हक**

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सुनिश्चित गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको ।
- राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्वःप्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट भए गरेका गतिविधिहरु नियमितरुपमा कार्यालयको वेबसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।
- सूचनाको हक कार्यान्वयन सम्बन्धमा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका सूचना अधिकारीहरूसँग ४ (चार) पटक बैठक बसेको ।

**अन्य**

- जिल्ला स्थित कार्यालयहरुले सञ्चालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान, वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी सम्बोधन गरिएको ।
- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को अवैध उत्खनन् नियन्त्रण गरिएको । सबै खोला नालाहरूको वातावरणीय अध्ययन गर्न स्थानीय तहहरूलाई सहजीकरण गरिएको ।

निमित्त प्रमुख जिल्ला अधिकारी

# जिल्ला प्रशासन कार्यालय

हेटौडा-२, मकवानपुर

फोन नं. : ०५७-५२०४९५, ५२००१२

फ्याक्स : ०५७-५२३८२२

ईमेल : daomakawanpur@moha.gov.np

वेबसाईट : daomakawanpur.moha.gov.np

फेसबुक पेज : www.facebook.com/daomakawanpur